## संवत् २०७९ साल पुस ३ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः भारतमा आयोजित Third Minister Conference on Counter Terrorism Financing No Money for Terror कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानून) लाई सहभागी हुन स्वीकृति दिने ।

२. अर्थ मन्त्रालयः आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी (तेस्रो संशोधन) मापदण्ड, २०७९ स्वीकृत गर्ने।

३. अर्थ मन्त्रालयः विद्यालय शिक्षा क्षेत्र आयोजनाका लागि एशियाली विकास बैंकबाट प्राप्त हुने २० करोड अमेरिकी डलर (करिब रु.२६ अर्ब ५१ करोड) बरावरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने ।

४. अर्थ मन्त्रालयः सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश लगायतका पदाधिकारीहरूको तलबमान स्वीकृत गर्ने ।

५. अर्थ मन्त्रालयः महिलाहरूको सुरक्षा र उन्नतिको लागि प्रणाली सुधार आयोजनाको लागि १२ मिलियन अमेरिकी डलर (करिब रु.१ अर्ब ५७ करोड) बराबरको अनुदान सहायता स्वीकार गर्ने ।

६. ऊर्जा, जलस्रोत ताथा सिँचाइ मन्त्रालयः स्यार्पु साना जलविद्युत आयोजनाका लागि जग्गा प्राप्ति गर्ने ।

७. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः अन्नमा आधारित पूरक बाल आहारको गुणस्तर मापदण्ड निर्धारण गर्ने ।

८. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः खाद्य पदार्थमा हेभी मेटलको अधिकतम मात्रा निर्धारण गर्ने ।

९. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः राष्ट्रिय भूमि आयोगको जिल्लास्थित समितिको अध्यक्षमा ओखलढुंगा जिल्लाको लागि पुरुषोत्तम लुइटेल र सिन्धुली जिल्लाको लागि बाबुराम राईलाई नियुक्त गर्ने ।

१०. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः दक्षिण अफ्रिकामा Traffic Management and Public Transport Observation Tour मा सहभागीहरूबाट लुटिएको रकम मिनाहा गर्ने ।

११. रक्षा मन्त्रालयः नेपाली सेनाका सहायक रथी सुशिल कुमार भण्डारीलाई अवकाशपूर्व उपरथी दर्जामा मानार्थ बढुवा गर्ने ।

१२. रक्षा मन्त्रालयः नेपाली सेनाका सहायक रथीद्वय कृष्णदेव भट्ट र सुदर्शन सिल्वालको पदावधि थप गर्ने।

१३. रक्षा मन्त्रालयः नेपाली सेनाका सहायक रथी कृष्ण प्रसाद सापकोटाको अवकाशपूर्व विशेष बढुवा गर्ने।

१४. रक्षा मन्त्रालयः नेपाली सेनाको सिभिल तथा आर्किटेक्चर उमसमूहका सहायक रथी कमल विक्रम शाह, महासेनानी प्रद्युम्न भक्त महर्जन र प्रमुख सेनानी अशोक कुमार शाहको बढुवा गरी पदस्थापन गर्ने ।

१५. वन तथा वातावरण मन्त्रालयः निलगिरी खोला १ र २ जलविद्युत आयोजनाको २२० के.भि प्रसारणलाईन निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने ।

१६. वन तथा वातावरण मन्त्रालयः माथिल्लो फावाखोला जलविद्युत आयोजना (५.८ मे.वा.) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने ।

१७. वन तथा वातावरण मन्त्रालयः मारुती सिमेन्ट लिमिटेडलाई सिन्धुली जिल्लाको दुधौली नगरपालिका वडा नं. १४ मा रहेको राष्ट्रिय वन क्षेत्र चुनढुङ्गा उत्खननको लागि प्रयोग गर्न दिने ।

द्रष्टब्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

१८. वन तथा वातावरण मन्त्रालयः "लघु तथा वित्तीय संस्थाहरूले नियमानुसार लिलाम विक्रि गर्नु परेमा वा अन्य व्यवस्था गर्ने परिस्थिति उत्पन्न भएको खण्डमा नेपाल सरकारलाई कुनै दायित्व नपर्ने गरी भोगाधिकार हस्तान्तरण गरी आयोजना सञ्चालन गर्न कुनै वाधा नपुग्ने" गरी संरक्षण क्षेत्रभित्रका जलविद्युत आयोजनाका लागि थप शर्त समावेश गर्ने ।

१९. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः मौसमी कामदार व्यवस्थापन निर्देशिका, २०७९ स्वीकृत गर्ने ।

२०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः कालीगण्डकी नदी क्षेत्रबाट दुई थान शिला जानकी मन्दिरलाई उपलब्ध गराउन सहमति प्रदान गर्ने ।

२१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः "नेपाल स्वास्थ्य अनुसन्धान परिषद् कर्मचारी प्रशासन विनियमावली, २०७९" बनाउन स्वीकृति दिने।

२२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः "प्रेस काउन्सिल कर्मचारी विनियमावली, २०७९" बनाउन स्वीकृति दिने।

२३. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः "पारस्परिक कानूनी सहायता नियमावली, २०७९" स्वीकृत गर्ने।

२४. नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष पर्न आएको तत्कालीन प्रहरी निरीक्षक राजु प्रसाद कुर्मीको पुनरावेदनको सम्बन्धमा गृह मन्त्रालयका सचिवबाट निलम्बित प्रहरी निरीक्षक राजु प्रसाद कुर्मीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने सेवाबाट हटाउने गरी मिति २०७९।०३।०७ मा भएको निर्णय मिलेको नदेखिँदा उल्टी भई निजलाई प्रहरी नियमावली, २०७१ को नियम ९८ विपरीतको कसूरमा ऐ. नियमावलीको नियम १११ को खण्ड (ङ) बमोजिम तीन वर्षसम्म बढुवा रोक्का हुने ।

## संवत् २०७९ साल पुस ११ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. विविध विषयमा देहायबमोजिम गर्नेः-

१. वित्तीय र मौद्रिक नीतिको सामञ्जस्यपूर्ण कार्यान्वयनबाट अर्थतन्त्रमा देखापरेका तरलता संकुचन, उच्च ब्याजदर, विदेशी मुद्राको सञ्चितिमा परेको दबाब तथा पुँजी बजारमा आएको गिरावटलाई सम्बोधन गरी अर्थतन्त्रलाई गतिशील बनाउने।

२. राजस्वको लक्ष्य प्राप्त गर्न राजस्व चुहावटलाई कडाईका साथ नियन्त्रण गर्ने र यसका लागि राजस्व प्रशासनमा आवश्यक पुनर्संरचना गर्ने। अर्थतन्त्रमा देखापरेका समस्या समाधान गर्न, राजस्वको लक्ष्य प्राप्त गर्न एवं आर्थिक वृद्धि हासिल गर्न निजी क्षेत्रसँगको सहकार्य र सहयोगलाई वस्तुगत रूपमा घनिभूत बनाउने।

३. सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने। प्रतिकात्मक रूपमा आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमार्फत यसै आर्थिक वर्षदेखि राष्ट्रसेवकहरूको तलबमानमा गरिएको वृद्धि मन्त्रिपरिषद्का सदस्यहरूले कम्तीमा यस आर्थिक वर्षका लागि नलिने।

४. नागरिकलाई प्रदान गर्रिंदै आएका आधारभूत सेवा विशेषतः राष्ट्रिय परिचयपत्र, विद्युतीय राहदानी, सवारी चालक अनुमतिपत्र लगायतका सेवालाई सुगम, सरल, कम खर्चिलो र झन्झटमुक्त बनाउने। यसमा तत्काल सुधारका कार्य प्रारम्भ गरी एक महिनाभित्र परिणाम देखिने व्यवस्था मिलाउने।

५. विकास परियोजनाहरूको सार्वजनिक खरिद, परियोजनाको निर्माण तथा सञ्चालनमा देखिएका ढिलाई, जिम्मेवारी पन्छाउने प्रवृत्ति र निर्माण कार्यको गुणस्तरहीनता हटाउन यस कार्यमा संलग्न हुने परियोजना प्रमुखलाई नै जिम्मेवार बनाउने र त्यसकै आधारमा वृत्ति विकास सुनिश्चित हुने व्यवस्था गर्ने। विकाससम्बन्धी काममा तीव्रता दिन सोसम्बन्धी छुट्टै कानून तर्जुमा गर्ने।

६. सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, व्यवसायिक र जवाफदेही बनाउने। भ्रष्टाचारलाई कडाईका साथ नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने।

७. हाललाई नेपाल सरकारको प्रवक्तामा माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्रीलाई तोक्ने।

८. परिवर्तित सन्दर्भमा मन्त्रिपरिषद् र मन्त्रिपरिषद्का विभिन्न समितिहरूमा प्रक्रियामा रहेका वा प्रक्रियामा नलगिएका सम्पूर्ण प्रस्तावहरू सम्बन्धित मन्त्रालयमा फिर्ता गर्ने।

२. संघीय संसद्को दुवै सदनको अधिवेशन आह्वान हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

## संवत् २०७९ साल पुस २१ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. अर्थ मन्त्रालयः पोखरा अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय, कास्कीको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नका लागि पूर्व स्वीकृति प्रदान गर्ने ।

२. गृह मन्त्रालयः रिक्त राष्ट्रिय सभा सदस्य पदको लागि उपनिर्वाचनको मिति २०७९/१०/२५ गते तोक्ने ।

३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः फ्रान्सको पेरिसमा आयोजना हुने Global Partnership For Education को Board of Directors को बैठकमा सचिव (शिक्षा) लाई भाग लिन स्वीकृति दिने ।

४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः प्रमुख जनस्वास्थ्य प्रशासक (एघारौं तह) बिजय कुमार झाको राजीनामा स्वीकृत गर्ने ।

६. कम्बोडियाको ग्राण्ड डायमण्डसिटी होटलमा भएको आगलागीमा परी मृत्यु भएका बिर्तामोड, झापाका निराकार पाण्डेको शव नेपाल ल्याउन लाग्ने खर्च नेपाल सरकारले व्यहोर्ने ।

७. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका श्री तोयम राया लगायतका ७ जना अधिकृतलाई सरुवा गर्ने ।

## संवत् २०७९ साल पुस २५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. गृह मन्त्रालयः संवत् २०७९ साल पुस २७ गते बुधबारका दिन पृथ्वी जयन्तीको अवसरमा सार्वजनिक बिदा दिने ।

२. 'नेपाल सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम' कार्यान्वयनको लागि तीस दिनभित्र विस्तृत कार्ययोजना बनाई पेश गर्न सबै मन्त्रालयलाई निर्देशन दिने।

## संवत् २०७९ साल माघ १ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. २०७९ माघ १ गते आइतबार काठमाडौंबाट पोखराका लागि उडेको यति एयरलाइन्सको 9N-ANC विमान पोखरा विमानस्थल नजिकै भएको दुर्घटनामा परी दिवङ्गत हुने चालक दलका सदस्य एवं यात्रुहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा नेपाल सरकार गहिरो समवेदना प्रकट गर्दछ। दुर्घटनाग्रस्त विमानको खोज तथा उद्धार कार्यलाई तदारुकताका साथ अगाडि बढाउन सम्बन्धित सबैलाई निर्देशन दिने र खोज तथा उद्धार कार्यमा सघाउ पुऱ्याउन सबैमा अनुरोध गर्ने। उक्त दुर्घटनाको सम्बन्धमा विस्तृत जाँचबुझ गर्न श्री नगेन्द्रप्रसाद घिमिरेको अध्यक्षतामा ५ सदस्यीय दुर्घटना जाँच आयोग गठन गर्ने ।

२. आगामी दिनमा हवाई दुर्घटना हुन नदिन आन्तरिक वायुसेवा सञ्चालन गरिरहेका सबै वायुसेवा सञ्चालक कम्पनीहरूले हवाई जहाजको अनिवार्य प्राविधिक परीक्षण गर्ने र नेपाल नागरिक उड्डयन प्राधिकरणले सोको सघन अनुगमन गर्ने।

३. यस दु:खद् घडीमा शोकका लागि संवत् २०७९ माघ २ गते सोमबार अत्यावश्यक सेवा बाहेक सार्वजनिक विदा दिने र राष्ट्रिय झण्डा आधा झुकाउने।

## संवत् २०७९ साल माघ ४ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा २६ को उपदफा (२) बमोजिम गठित पुनरावेदन समितिको सचिवालयमा कार्यरत जनशक्तिलाई वि.सं.२०८० असार मसान्तसम्म यथावत् काममा लगाउन स्वीकृति दिने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: राष्ट्रिय योजना आयोगका उपाध्यक्षमा डा. मीन बहादुर श्रेष्ठ तथा सदस्यमा डा. राम कुमार फुयाँललाई नियुक्त गर्ने ।

३. अर्थ मन्त्रालय: विद्यालय क्षेत्र रूपान्तरण कार्यक्रमका लागि विश्व बैंकबाट प्राप्त हुने १०० मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्न वार्ता टोली गठन गरी अख्तियारी दिने ।

४. अर्थ मन्त्रालय: नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट स्वीकृत गर्ने ।

५. अर्थ मन्त्रालय: अन्तर्राष्ट्रिय मुद्रा कोष तथा जापान अन्तर्राष्ट्रिय सहयोग एजेन्सीको संयुक्त आयोजनामा हुने उच्चस्तरीय सम्मेलनमा अर्थ मन्त्रालयका सचिव (राजस्व) लाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

६. अर्थ मन्त्रालय: समपूरक अनुदानसम्बन्धी (चौथो संशोधन) कार्यविधि, २०७९ र विशेष अनुदानसम्बन्धी (चौथो संशोधन) कार्यविधि, २०७९ स्वीकृत गर्ने ।

७. अर्थ मन्त्रालय: कर्मचारी सञ्चय कोषको अध्यक्ष पदमा सचिव (राजस्व) डा. रामप्रसाद घिमिरेलाई नियुक्त गर्ने ।

८. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: कम्बोडियामा आयोजना हुने अतिकम विकसित मुलुकहरूको क्षेत्रीय परामर्श कार्यक्रममा सहभागी हुन सचिव (वाणिज्य तथा आपूर्ति) लाई स्वीकृति दिने ।

९. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः 11th China Round Table on WTO Accessions कार्यक्रममा सहभागी हुन सचिव (वाणिज्य तथा आपूर्ति) लाई स्वीकृति दिने ।

१०. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः सचिव श्री दिनेशकुमार घिमिरेलाई संयुक्त अरब इमिरेट्सको अबुधावीमा आयोजना हुने 13th Session of IRENA Assembly मा सहभागी हुन स्वीकृति दिने ।

११. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः बैंककमा आयोजना हुने 15th South Asia Power Secretaries Roundtable (PSRT) विषयक सचिवस्तरीय बैठकमा सहभागी हुन सचिव (उर्जा) लाई स्वीकृति दिने ।

१२. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः चालु आर्थिक वर्ष २०७९/८० को लागि उखुको न्यूनतम खरिद मूल्य प्रति क्विन्टल रु.५४०।- निर्धारण गर्ने ।

१३. गृह मन्त्रालयः विभूषण प्राप्त गर्नुहुने पशुपति मुररका लगायतका ४२ जना महानुभावहरूको नामावली विवरण संशोधन गर्ने तथा हटाउने ।

१४. रक्षा मन्त्रालयः उपरथी सन्तोष कुमार ढकाललाई मित्रराष्ट्र भारतको वैदेशिक अध्ययन भ्रमणमा सहभागी हुन स्वीकृति दिने ।

१५. रक्षा मन्त्रालयः नेपाली सेनाका महासेनानी मदन बन्जारासमेत १५ (पन्ध्र) महासेनानीहरूको सरुवा गर्ने।

१६. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका प्रमुख सेनानी सूर्यबहादुर अधिकारीको अवकाशपूर्व विशेष बढुवा गर्ने ।

१७. रक्षा मन्त्रालयः नेपाली सेनाका प्राविधिक सहायक रथी डा. ईभा श्रेष्ठको पदावधि थप गर्ने ।

१८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः विश्वविद्यालय अनुदान आयोगको अध्यक्ष पदमा प्रा.डा. देवराज अधिकारीलाई मनोनयन गर्ने।

१९. राष्ट्रको तर्फबाट प्रदान गरिने विभूषणलाई मर्यादित एवं व्यवस्थित बनाउन अन्य देशको अभ्याससमेतलाई मध्यनजर गरी सुझावसहितको प्रतिवेदन पेश गर्न गृह मन्त्रालयका सचिवको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, रक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयका प्रतिनिधिहरू रहेको समिति गठन गर्ने।

२०. नेपाल सरकारको प्रवक्तामा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीलाई तोक्ने।

२१. सम्माननीय प्रधानमन्त्रीको मुख्य सल्लाहकारमा श्री हरिवोल प्रसाद गजुरेललाई नियुक्त गर्ने।

२२. विविध विषयमा देहायबमोजिम गर्नेः—

    १. निजामती प्रशासन, सुरक्षा निकायलगायत सार्वजनिक प्रशासनलाई कम खर्चिलो, ठिक आकारको, जवाफदेही र सक्षम बनाउने एवं तीन तहको सम्बन्धलाई संविधानको मर्मअनुरूप ठिक ढङ्गबाट अगाडि बढाउनेसम्बन्धमा सुझाव दिन उच्चस्तरीय प्रशासन पुनर्संरचना आयोग गठन गर्नको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक प्रक्रिया अगाडि बढाउने।

    २. मन्त्रालयहरूले कार्यसम्पादन गर्दा विवाद आउन नदिने र स्वार्थ नबाझिने गरी काम गर्ने, भ्रष्टाचारले सरकारको कामकारबाहीमा कुनै स्थान नपाउने सुनिश्चित गर्ने, देखिने र जनताले अनुभूत गर्ने गरी सबै मन्त्रालयहरूले आ-आफ्ना कामकारबाही अगाडि बढाउने र विकास निर्माणका कार्यहरूलाई तीव्रता दिन सबै गम्भीर भएर लाग्ने।

द्रष्टब्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

३. सङ्घीय निजामती सेवासम्बन्धी विधेयक संसद्को चालु अधिवेशनमा पेश गर्ने गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तत्काल मस्यौदा तयार गरी पेश गर्ने। साथै, शिक्षा लगायतका अन्य जरुरी विधेयकहरू सम्बन्धित मन्त्रालयले तयार गरी तत्कालै पेश गर्ने व्यवस्था मिलाउने।

४. प्रधानमन्त्रीय प्रणालीको मर्म र भावना एवं जवाफदेही सिद्धान्तअनुरूप शासकीय प्रबन्धमा मन्त्रालयहरूसँग सम्बन्धित महत्त्वपूर्ण वा नीतिगत वा अन्तरसम्बन्धित विषयमा निर्णय गर्नुपूर्व वा निर्णयार्थ मन्त्रिपरिषद्मा पेश गर्नुपूर्व प्रधानमन्त्रीसँग परामर्श गर्ने।

५. राजपत्राङ्कित प्रथम श्रेणी वा सोसरहका राष्ट्रसेवकको व्यवस्थापन गर्नुपूर्व प्रधानमन्त्रीसँग परामर्श गर्ने।

६. काम गर्नेलाई पुरस्कृत र नगर्नेलाई दण्डित गर्ने नीतिलाई सबैले कडाइका साथ पालना गर्ने।

७. प्रधानमन्त्रीबाट सचिवहरूलाई भएको निर्देशन एवं संसद्मा विश्वासको मत लिने क्रममा प्रधानमन्त्रीले राखेको मन्तव्यमा उल्लेख भएका विषयहरू तथा सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम समेटिएको एकीकृत कार्ययोजनालाई सम्बन्धित मन्त्री र सचिवको सहभागितामा ७ दिनभित्र टुङ्गो लगाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने। सोही कार्ययोजनाका आधारमा सरकारका क्रियाकलापहरू निर्देशित एवं सञ्चालित हुने।

८. मन्त्रिपरिषद्का निर्णयहरू सरकारका प्रवक्तामार्फत मात्र सार्वजनिक गर्ने। साथै, अन्य निकायको कार्यक्षेत्रमा हस्तक्षेप नहुने गरी कार्यसम्पादन गर्न एवं समन्वय र सहजीकरणको आवश्यकता परे सम्बन्धित मन्त्रीले प्रधानमन्त्रीलाई जानकारी गराउने।

९. सरकारका पदाधिकारीले विदेशी कुटनीतिक निकायका अधिकारीसँग भेटघाट गर्दा परराष्ट्र मन्त्रालयका प्रतिनिधिलाई अनिवार्य रूपमा समावेश गर्ने।

२३. मन्त्रिपरिषद्का समिति गठन गर्ने।

२४. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका श्री गोपालप्रसाद सिग्देल लगायतका २ अधिकृतलाई सरुवा गर्ने ।

## संवत् २०७९ साल माघ ११ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. अर्थ मन्त्रालयः निक्षेप तथा कर्जा सुरक्षण कोषको सञ्चालक समितिको अध्यक्षमा सचिव (राजस्व) डा. रामप्रसाद घिमिरेलाई तोक्ने ।

२. अर्थ मन्त्रालयः आन्तरिक लेखापरीक्षण कार्यविधि, २०७९ स्वीकृत गर्ने ।

३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः मैनतडा सवस्टेशन निर्माणको लागि आवश्यक पर्ने जग्गाको क्षतिपूर्ति दिने ।

४. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयनसम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७९ स्वीकृत गर्ने ।

५. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः पहाडी क्षेत्र काष्ठ फल तथा फलफूल विकास आयोजना, आयोजना व्यवस्थापन इकाईका लागि अस्थायी दरवन्दी स्वीकृत गर्ने ।

६. गृह मन्त्रालयः निर्वाचन आयोगका सचिव श्री गोकर्णमणि दुवाडीको भारत भ्रमण स्वीकृत गर्ने ।

७. गृह मन्त्रालयः INTERPOL को कार्यक्रममा सहभागी हुन प्रहरी महानिरीक्षकलाई स्वीकृति दिने ।

८. परराष्ट्र मन्त्रालयः Goethe-Zentrum Kathmandu (GZK) सञ्चालन सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्ने ।

९. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः फिलिपिन्समा हुने Ethical Requirement ज्ञान आदान प्रदान कार्यक्रममा सहभागीता हुन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सचिवलाई स्वीकृति दिने ।

१०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी (दोस्रो संशोधन) मापदण्ड, २०७९ स्वीकृत गर्ने ।

११. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः टर्कीको स्तानबुलमा आयोजना हुने WHO Special Initiatives for Mental Health Cross Country Meeting कार्यक्रममा सहभागिताको लागि सचिव (स्वास्थ्य) लाई स्वीकृति दिने ।

१२. नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरेले सेवा अवधिको कारणबाट मिति २०७९/१०/१८ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

१३. प्रेम प्रसाद आचार्यले संसद भवन अगाडि आत्मदाह गरेको सम्बन्धमा गृह मन्त्रालयले यथाशीघ्र छानबिन गर्ने ।

## संवत् २०७९ साल माघ १६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय योजना आयोगका सदस्य पदमा सुशिल ज्ञवाली, प्रा.डा. संगीता सिंह र डा. कुसेन्द्र बहादुर महतलाई नियुक्त गर्ने ।

२. अर्थ मन्त्रालयः नेपाल लेखापरीक्षण सेवा, राजपत्राङ्कित प्रथम श्रेणीको नायब महालेखापरीक्षक पदमा जयराम घिमिरे लगायतका २ जनालाई बढुवा नियुक्त गर्ने ।

३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः सुपरिटेण्डेण्ट इन्जिनियर श्री प्रचण्डदेव विष्टको राजीनामा स्वीकृत गर्ने ।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः अमरपुर ढुंगेसाँघु १३२ के.भी. प्रसारण आयोजनाको लागि जग्गा प्राप्ति गर्ने ।

५. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः United Nations Convention on the Law of the Sea on the conservation and sustainable use of marine Biological diversity of areas Beyond National Jurisdiction (BBNJ) अन्तर्गत Inter-Governmental Conference को पाँचौ सत्रमा सहभागिताका लागि सचिवलाई स्वीकृति दिने ।

६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः Strengthening the Capacity of Civil Code Application (The Civil Code Reform-Nepal) Program मा सहभागिताका लागि कानून आयोगका सचिवलाई स्वीकृति दिने ।

७. गृह मन्त्रालयः प्रहरी महानिरीक्षकलाई भारतमा आयोजना हुने दीक्षान्त कार्यक्रममा सहभागी हुन स्वीकृति दिने ।

८. परराष्ट्र मन्त्रालयः नेपाल र युरोपियन युनियनबीचको संयुक्त आयोग/उप-आयोगको बैठक, नेपाल-बेल्जियम दुईपक्षीय संयन्त्रको बैठकमा सहभागी हुन परराष्ट्र मन्त्रालयको सचिवको नेतृत्वमा प्रतिनिधिमण्डल गठन गर्ने ।

९. परराष्ट्र मन्त्रालयः नेपाल र बहराइन अधिराज्यका परराष्ट्र मन्त्रालयहरूबीच द्विपक्षीय परामर्श संयन्त्र (Bilateral Consultation Mechanism) स्थापना गर्नेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्ने ।

१०. परराष्ट्र मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पदमा खडग प्रसाद दाहाल समेत २ जनालाई बढुवा नियुक्त गर्ने ।

११. परराष्ट्र मन्त्रालयः परराष्ट्र मन्त्रीको श्रीलंकामा हुने औपचारिक भ्रमण स्वीकृत गर्ने।

१२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीको पदमा अर्जुन प्रसाद अर्याल समेत २ जनालाई बढुवा नियुक्त गर्ने ।

१३. रक्षा मन्त्रालयः नेपाली सेनाका सहायक रथी गणेश कुमार श्रेष्ठको पदावधि थप गर्ने ।

१४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः सरकार- सरकार (G -G) प्रक्रियाबाट कागज खरिद गर्न सैद्धान्तिक स्वीकृति दिने ।

१५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः जल तथा मौसम विज्ञान कार्यालय समेतका ३ वटा कार्यालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने ।

१६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका टोकराज पाण्डे लगायतका २६ जना कर्मचारीहरूको सरुवा गर्ने ।

१७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः नेपाल प्रशासन सेवा, रा.प.प्रथम श्रेणीको सहसचिव पदमा रामकृष्ण पुडासैनी समेत ७ जनालाई बढुवा गरी पदस्थापन गर्ने ।

१८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः वन तथा वातावरण मन्त्रालयको रिक्त राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा श्री रेवतीरमण पौडेललाई कायम मुकायम मुकरर गर्ने।

१९. सहरी विकास मन्त्रालयः कम्बोडियामा आयोजना हुने 11th Regional 3R and Circular Economy Forum in Asia and the Pacific सम्मेलनमा सहभागी हुन सहरी विकास मन्त्रालयका सचिवलाई स्वीकृति दिने।

२०. संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई संवत् २०७९ साल माघ २७ गते शुक्रबारका दिन १५:०० बजे सम्बोधन हुन र त्यसका लागि सदस्यको उपस्थिति आह्वान गर्न सम्माननीय राष्ट्रपतिज्यूसमक्ष अनुरोध गर्ने।

**संवत् २०७९ साल माघ २३ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय योजना आयोगका सदस्य पदमा प्रा.डा. गीताभक्त जोशी र जयकान्त राउतलाई नियुक्त गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नायब महान्यायाधिवक्ताको पदमा गोपाल प्रसाद रिजाललाई बढुवा नियुक्त गर्ने ।

३. अर्थ मन्त्रालयः नेपाल लेखापरीक्षण सेवा, राजपत्राङ्कित प्रथम श्रेणीको नायब महालेखापरीक्षक पदमा छत्रपति निरौला लगायतका २ जनालाई बढुवा नियुक्त गर्ने ।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः पेट्रोलियम पदार्थ अन्वेषणका लागि दैलेख जिल्लाको भैरवी गाउँपालिका-१ जलजलेको ४५ रोपनी जग्गा प्राप्त गर्ने ।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव वा सोसरहको पदमा खिलानाथ दाहाललाई बढुवा नियुक्त गर्ने ।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणी पदमा अरुण कुमार कटवाल लगायतका ३ जनालाई बढुवा नियुक्त गर्ने ।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः लामाबगर-बाह्रविसे २२० के.भी. विद्युत प्रसारण लाइनको लागि जग्गा प्राप्ति गर्ने ।

८. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः इन्जिनियर श्री तुलाराम पौडेललाई SAARC Energy Center मा काज अवधि थप गर्ने ।

९. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल—भारत विद्युत व्यापार सम्झौता अन्तर्गतका संयुक्त सञ्चालक समिति र संयुक्त कार्य समूहको दशौं बैठकमा नेपाली प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृति दिने ।

१०. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नागमती बाँध आयोजनाको लागि जग्गा प्राप्त गर्ने ।

११. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री गोपाल प्रसाद सिग्देललाई दक्षिण अफ्रिकामा हुने IWMI छलफलमा भाग लिन स्वीकृति दिने ।

१२. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

१३. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणी (प्राविधिक) सहसचिव पदमा डा. सलिना मानन्धरलाई बढुवा नियुक्त गर्ने ।

१४. खानेपानी मन्त्रालयः रा.प.प्रथम श्रेणी, सहसचिव (प्रा.) पदमा प्रदिपलाल कर्ण समेत २ जनालाई नियुक्त गर्ने ।

१५. परराष्ट्र मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पदमा दिलिप कुमार पौडेल लगायतका २ जनालाई बढुवा नियुक्त गर्ने ।

१६. परराष्ट्र मन्त्रालयः संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोग, जेनेभा र संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोग, न्यूयोर्कको अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

द्रष्टब्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

१७. परराष्ट्र मन्त्रालयः नेपाली राजदूतावास, वासिङ्टन डि.सी.ले सञ्चालन गरेको कन्सुलर सेवा शिविरका सेवाग्राहीलाई सेवा प्रवाह गर्ने ।

१८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीको पदमा ज्ञानेन्द्र कुमार झा लगायतका ३ जनालाई बढुवा नियुक्त गर्ने ।

१९. रक्षा मन्त्रालयः नेपाली सेनाका सहायक रथी कृष्णदेव भट्टलाई उपरथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने ।

२०. रक्षा मन्त्रालयः नेपाली सेनाका उपरथी सहदेव खड्कासमेत ४ (चार) उपरथीहरूको सरुवा गर्ने ।

२१. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका प्रमुख सेनानी डम्बर बहादुर बोहरासमेत आठ प्रमुख सेनानीहरूको महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने ।

२२. रक्षा मन्त्रालयः नेपाली सेनाका महासेनानी रोशन शम्शेर ज.ब.रा. समेत ५ (पाँच) महासेनानीहरूको सहायक रथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने ।

२३. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक ईन्जिनियरिङ समूह, मर्मत तथा सम्भार उपसमूहका प्रमुख सेनानी प्रल्हाद बस्नेतलाई महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने

२४. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवाका महासेनानी खुम बहादुर कुंवर क्षेत्रीसमेत ३ (तीन) महासेनानीहरूको सरुवा गर्ने

२५. रक्षा मन्त्रालयः नेपाली सेनाका सहायक रथी चोक बहादुर ढकालसमेत २७ (सत्ताइस) सहायक रथीहरूको सरुवा गर्ने ।

२६. रक्षा मन्त्रालयः काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना सञ्चालन (चौथो संशोधन) कार्यविधि, २०७९ स्वीकृत गर्ने ।

२७. रक्षा मन्त्रालयः रक्षामन्त्री श्री हरि प्रसाद उप्रेती र बलाधिकृत रथी श्री सरोज प्रताप राणाको भारत भ्रमण स्वीकृत गर्ने ।

२८. वन तथा वातावरण मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव (प्रा) पदमा सावित्री आर्याल समेत ३ जनालाई बढुवा नियुक्त गर्ने।

२९. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीको TC Asia and the Pacific NLO Workshop मा भाग लिन सचिव (विज्ञान तथा प्रविधि) लाई स्वीकृति दिने ।

३०. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव पदमा चन्द्रकान्त भुषाललाई बढुवा नियुक्त गर्ने ।

३१. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः संयुक्त अरब इमिरेट्समा हुने The World Government Summit सम्मेलनमा सहभागी हुन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवलाई स्वीकृति दिने ।

३२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः सफा हिमाल अभियान २०२३ मा खटिने नेपाली सेनाका सदस्यहरूलाई हिमाल आरोहण गर्दा लाग्ने सलामी दस्तुर र गार्वेज धरौटी छुट दिने ।

३३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः नेपाल प्रशासन सेवा, रा.प.प्रथम श्रेणीको सहसचिव पदमा मात्रिका भट्टराई लगायतका ८ जनालाई बढुवा गरी पदस्थापन गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

३४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका रघुराम विष्ट लगायतका २ जना कर्मचारीको सरुवा गर्ने ।

३५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः Workshop to support development and peer review of Global Fund proposals for TB, HIV and Malaria in SEAR countries मा सहभागिताको लागि अतिरिक्त स्वास्थ्य सचिवलाई स्वीकृति दिने ।

३६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः First face to face meeting of SEAR Expert Group on Environmental Determinants of Health and Climate Change र Regional Meeting on Health Impacts of Pollution मा सहभागिताको लागि अतिरिक्त स्वास्थ्य सचिवलाई स्वीकृति दिने ।

३७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः कोशी अस्पताललाई शिक्षण अस्पतालका रूपमा विकास गरी पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत आङ्गिक मेडिकल कलेज सञ्चालन गर्ने ।

३८. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका अर्जुनप्रसाद पोखरेल लगायतका २ जना अधिकृतलाई सरुवा गर्ने ।

**संवत् २०७९ साल माघ २९ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. अर्थ मन्त्रालयः ऋण असुली न्यायाधिकरणको कानून सदस्यमा कमलराज गौतमलाई नियुक्त गर्ने ।

२. अर्थ मन्त्रालयः अर्थ मन्त्रीको प्रेस सल्लाहकारमा भुवन के.सीलाई नियुक्त गर्ने ।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव वा सोसरहको पदमा शोभा सिंहलाई बढुवा नियुक्त गर्ने ।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः सिम्बुवा खोला जलविद्युत आयोजनाको लागि जग्गा प्राप्ति गर्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः मुगु कर्णाली जलायशयुक्त जलविद्युत आयोजनाको लागि जग्गा प्राप्ति गर्ने ।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः विद्युत सवस्टेशनको लागि बाह्रविसे वडा नं. ४ मा जग्गा प्राप्ति गर्ने ।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः घोराही-माडीचौर १३२ के.भी. प्रसारण लाइन आयोजनाको लागि जग्गा प्राप्ति गर्ने ।

८. गृह मन्त्रालयः जनयुद्ध दिवस फागुन १ गते सोमबार सार्वजनिक बिदा दिने ।

९. परराष्ट्र मन्त्रालयः नेपाल-भारत विदेश सचिवस्तरीय बैठकमा भाग लिनको लागि परराष्ट्र मन्त्रालयका सचिवको नेतृत्वमा प्रतिनिधिमण्डल गठन गर्ने ।

१०. परराष्ट्र मन्त्रालयः टर्कीमा गएको भूकम्पबाट भएको क्षतिप्रति समवेदना व्यक्त गर्दै राहत सहायता प्रदान गर्ने ।

११. रक्षा मन्त्रालयः उपरथी सन्तोष कुमार ढकाललाई मित्रराष्ट्र श्रीलंकामा हुने South Asia Conference of Commandants-professional Military Education मा सहभागी हुन स्वीकृति दिने ।

१२. रक्षा मन्त्रालयः Partnership for Technology in Peacekeeping International Symposium (PTPS) को 7th Version नेपालमा सञ्चालन गर्न स्वीकृति दिने ।

१३. वन तथा वातावरण मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव (प्रा) पदमा विनोद प्रसाद देवकोटा लगायतका २ जनालाई बढुवा नियुक्त गर्ने।

१४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः शहीद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापनासम्बन्धी अवधारणा पत्रबमोजिम आवश्यक कार्यप्रक्रिया अगाडि बढाउन सैद्धान्तिक स्वीकृति दिने।